अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार : व्यक्ति, समाज र राष्ट्र जिम्मेवार

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily


चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । चाडपर्वमा फजुल खर्च नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष १० | अंक ६९ | ६ असोज २०८१ आइतबार | 22 September 2024 Sunday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

### उत्पादनमूलक उद्योग धेरै मर्कामा

# दुई महिनामा एउटै जिल्लामा १ सय ८ उद्योग बन्द



भैरहवा ५ असोज

रुपन्देहीमा उद्योग बन्द गराउनेको सङ्ख्या बढ्दै गएको छ । यहाँ दुई महिनामा एक सय आठ उद्योग बन्द भएका छन् । यहाँ आर्थिक वर्ष २०७९/८० मा ८४ वटा उत्पादनमूलक, ६३ वटा सेवामूलक, ५१ वटा पर्यटन र १९ वटा कृषि तथा वनजन्य गरी दुई सय १७ वटा उद्योग बन्द भएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ। सोही आवमा कृषि तथा वनजन्य ४१९, उत्पादनमूलक २८१, सेवामूलक २४४ र पर्यटन उद्योग १८६ वटा गरी एक हजार १३० वटा उद्योग दर्ता भएको थिए।

कार्यालय प्रमुख लोककुमार कार्कीकानुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा उद्योग दर्ताको सङ्ख्या घटेको र उद्योग बन्द गर्नेको सङ्ख्या बढेको छ। आव २०७९/८० मा एक हजार १३० वटा उद्योग दर्ता भएकामा गत आवमा ८३७ वटा उद्योग मात्रै दर्ता भए । जबकि आव २०७९/८० मा २ १७ उद्योग बन्द भएकामा आव २०८०/८१ मा ३५४ वटा उद्योग बन्द भएका छन्।

उद्योग बन्द हुने क्रम भने अहिले पनि रोकिएको छैन । चालु आवको दुई महिनामै १०८ वटा उद्योग बन्द भएका छन् । साउनमा ९१ उद्योग दर्ता हुँदा ४१ बन्द भएका र भदौमा १७३ उद्योग दर्ता हुँदा ६७ वटा बन्द भएका घरेलु तथा साना उद्योग कार्यालय प्रमुख कार्कीले बताए । "रुपन्देहीमा उद्योग बन्द गराउने मात्र हैन नयाँ दर्ता पनि घट्दै जानुले पनि आर्थिक मन्दीको प्रभाव मान्न सकिन्छ", उनले भने, "अर्को कारण अहिले सरकारले पाँच लाखभन्दा मुनिका उद्योगलाई गाउँपालिकामै दर्ताको व्यवस्था गरेकाले पनि दर्ता सङ्ख्या घटेको हुन सक्छ।"

आर्थिक मन्दीको सबैभन्दा बढी असर उत्पादनमूलक उद्योगमा परेको उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ बताउछन् । "रुपन्देही औद्योगिक केन्द्रका रूपमा रहेको छ तर पछिल्लो समय ठूला-ठूला उद्योगमध्ये कतिपय बन्द भइसके, सञ्चालनमा रहेकामध्ये ३० देखि ४० प्रतिशत मात्र उत्पादन गर्ने अवस्थामा रहेका छन् । यहाँ उत्पादित वस्तुहरूका उपभोक्ताको सङ्ख्यामै कमी आएको छ। अधिकांश उपभोक्ता विदेसिएका कारण पनि उद्योगहरु मारमा परेका छन्।"यहाँ करिब १० वटा सिमेन्ट उद्योगमध्ये आधा बन्द भइसकेका छन्भने व्यवसाय र अन्य निर्माणजन्य उद्योगहरूको अवस्था पनि उस्तै छ । उद्योगी-व्यवसायीका समस्या समाधानका लागि सरकारले प्रवर्द्धनात्मक तथा सहुलियतका कार्यक्रम अगाडि बढाउनुपर्ने धेरैको माग छ।

# दुइ पार्टी मिल्यो ढुक्कले चल्यो : सभापति देउवा




काभ्रे ५ असोज

सत्तारुढ नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस-एमालेको सत्ता सहकार्यले मुलुकमा सकारात्मक सन्देश दिएको र जनता खुसी भएको दाबी गरेका छन्।शनिबार काभ्रेको धुलिखेलमा बीपी कोईरालाको शालिक अनावरण गर्दै उनले दुई ठूला पार्टीबीचको गठबन्धनले जनतामा आनन्द र खुशी छाएको टिप्पणी गरे। 'एमाले र कांग्रेस दुई वटा पार्टी मुख्य प्रतिस्पर्धी पार्टी हो, दुई वटै पार्टी मिल्दाखेरी के हुन्छ भन्ने चिन्ता पनि छ मानिसहरुलाई,' देउवाको भनाइ छ, 'तर प्रतिस्पर्धी पार्टी मिल्दाखेरी देशभरीमा नै मैले थाहा पाए अनुसार त नेपाली जनताहरु खुशी भएका छन। कति कचकच गर्ने, दुई वटा पार्टी मिलेका छन्, आनन्द भएको छ भन्नेहरु छन यहाँ। त्यसकारण दुई वटा पार्टी मिलेर देशभरमा एउटा सकारात्मक सन्देश दिएको छ।'

यद्यपि, उनले त्यही अनुसार काम भने गनुपर्नेमा जोड दिए। 'तर हामीले काम पनि त्यही अनुसार गर्नु पऱ्यो। कांग्रेग्रेसले कामै गर्दैन भन्छन है विचार गर्नु, कांग्रेसले गफ बढी गर्छ, काम गर्दैन। अनि खाईदेला नि अरु पार्टीले। त्यसकारणले कांग्रेसे अरु बढी काम गर्नुपऱ्यो। जनतासँगको सम्बन्ध बढाउनु पऱ्यो। जनताको दिल जित्नुपऱ्यो,' उनले भने। सभापति देउवाले संविधानमा समावेशी समानुपातिक प्रणालीका कारण कुनै एउटा पार्टीले बहुमत ल्याउने नसक्ने कठिन अवस्थामा पनि पार्टीलाई बहुमतमा पुऱ्याउने गरी मेहनतका साथ काम गर्नुपर्ने बताए।

# दशैंको अग्रिम टिकट घटस्थापनाको एक हप्ताअघि




कपिलवस्तु ५ असोज

यस वर्ष विजयादशमीको शुभसाइत असोज २६ गते बिहान ११ बजेर ३६ मिनेटका लागि उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । त्यस दिन बिहान ८ बजेर ३३ मिनेटदेखि देवी विर्सजनको साइत रहेको समितिका अध्यक्ष श्रीकृष्ण अधिकारीले जानकारी दिनुभयो। विजयादशमीको प्रसाद ग्रहण गर्दा पूर्वतर्फ फर्केर बस्नुपर्ने उहाँले बताउनुभयो। यस वर्षको नवरात्र अर्थात दशैं यही असोज १७ गते बिहीवारदेखि शुरु हुँदैछ। त्यस दिन बिहान ९ बजेर १६ मिनेटमा घटस्थापनाको साइत रहेको समितिले जनाएको छ । साथै असोज १८ गते शुक्रवार झण्डा फर्ने (पश्चिम मोहडा) ९:१४ बजे, असोज २२ गते मङ्गलवार पचलीभैरव यात्रा, असोज २४ गते बिहीवार फूलपाती र श्री तुलजाभवानी यात्रा बिहान ७:११ बजे र स्थिरासन बिहान ८:४३ बजे साइत रहेको समितिले जनाएको छ।

यस्तै दशैंका लागि गाडीको अग्रिम टिकट बुकिङ घटस्थापनाभन्दा एक हप्ताअघि खुला हुने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बसेको सरकारी प्रतिनिधिसहित यातायात व्यवसायीको बैठकले घटस्थापनाभन्दा एक हप्ता अघि टिकट बुकिङ खुलाउने निर्णय गरेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौलाले जानकारी दिए।

धेरै ठाउँमा सडक मर्मत गर्न बाँकी रहेकोले सडक मर्मतको काम सकिएपछि टिकट बुकिङ खुलाउने गरी छलफल भएको र सकेसम्म एक हप्ताअघि बुकिङ खुल्ला गर्ने उनले बताए । यस्तै बैठकले दशैं, तिहार र छठ पर्वमा यात्रुलाई सहज रुपमा गन्तव्यस्थलसम्म पुग्नका लागि सडक विभागअन्तर्गतका सडकलाई घटस्थापना अगाडि मर्मत सम्भार गरिसक्न निर्देशन पनि दिइएको छ।

# लुम्बिनीका २ पालिका प्रमुख महिला

पाल्पा ५ असोज

एकसय ९ स्थानीय तह रहेको लुम्बिनी प्रदेशका २ पालिका प्रमुखको जिम्मेवारी महिलाले सम्हालेका छन् । बाँकी एक सय सात स्थानीय तहमा पुरुषकै नेतृत्व रहेको छ । स्थानीय तह निर्वाचन ऐन २०७३ ले स्थानीय तहका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्षमध्ये एक पद र वडामा निर्वाचित पाँचमध्ये एक जना खुलाबाट महिला र एक जना दलित महिला अनिवार्य गरेको छ।

सोहीअनुसार प्रदेशका स्थानीय तहका कुल वडा सदस्यको सङ्ख्या ४ हजार ९१५ मध्ये महिलाको सङ्ख्या एक हजार ९६६ रहेको छ। जसमा दलित महिला सदस्यको सङ्ख्या ९८३ रहेको छ । कानुनले जवर्जस्तरुपमा प्रत्येक वडामा दलित महिला सदस्य अनिवार्य हुनुपर्छ भनेकै कारण राजनीतिक दलले उम्मेदवार उठाएसङ्गै सङ्ख्यात्मकता रूपमा सहभागिता धेरै देखिए पनि नेतृत्व गर्ने र निर्णय लिन सक्ने ठाउँमा भने पुग्न सकेका छैनन्।

वडामा सीमित दलित महिला कार्यवाहक वडा अध्यक्ष बन्न पनि असाध्य चुनौतीपूर्ण रहेको तानसेन नगरपालिका -१३ दलित सदस्य वसुन्धरा दर्जीले गुनासो गर्नुभयो। घरभित्र लैङ्गिक विभेद र हिंसा खेपेका दलित महिला घरबाहिर जातीय विभेद र छुवाछूतबाट समेत नजानिँदो रूपमा प्रताडित हुन परेको उहाँको तितो अनुभव छ । तानसेन नगरपालिका-४ की वडा अध्यक्ष भगवती दर्नाल भने पार्टीको आग्रहपछि वडा सदस्यमा आएको प्रतिक्रिया दिनुभयो।

तानसेन नगरपालिकामा १४ वटा वडा छन्, जसमा १४ जना दलित महिला सदस्य छन् । शैक्षिक योग्यता न्यून कोही करले कोही रहरले सदस्य बनेका छन्। चाहना भएका र गर्न खोज्ने दलित महिलाको आवाज ओझेलमा पार्ने गरेको दलित महिला सदस्यको बुझाइ छ।

तानसेन नगरपालिका-१ की मञ्जु विकले आफूले वडामा एक पटक कार्यवाहक पाएको बताउनुभयो । सामाजिक स्रोत विकास केन्द्र पाल्पाका कोषाध्यक्ष तारा रसाइलीले महिलालाई राजनीतिक दलमा सजिलै आउन सक्ने स्थिति नभएको बताउनुभयो।

दलित महिला सदस्य पदमा समेत आउन नचाहनु र पार्टीको नेतृत्व तहमा पुग्न नसक्नु दलहरूको व्यवहार, दलित महिलालाई माथिल्लो पदमा जान नदिने पुरुषवादी चिन्तनजस्ता कारणले अनिच्छुक देखिएको रसाइलीको भनाइ छ ।

घर धन्दामै सीमित रहेका दलित महिला जनप्रतिनिधि बनेका दलित वडा सदस्यलाई बेला-बेलामा दलित महिलाले नेतृत्व विकास गर्न सकेनन्, बोल्न लेख्न सक्दैनन् भन्ने आरोप खेप्ने गरेको उहाँहरूको भनाइ छ । दलित महिलालाई सक्षम बनाउन नियमित तालिमको आवश्यकता रहेको बुझाइ उहाँहरूको छ।

# सम्पादकीय

## बोधीबृक्ष करिडोर निर्माणारम्भ

विश्व शान्ति दिवसको शुभ साइत पारेर शुभारम्भ गरिएको कपिलवस्तुको तिलौराकोटदेखि लुम्बिनी हुँदै भारतको बोध गयासम्मको बाटोलाई बोधीबृक्ष करिडोर निर्माण गर्ने योजना स्तुत्य हो र छ । तर यो योजना कति स्थायी, दीर्घकालीन र टिकाउ हुन्छ ? त्यो विषय सोचनीय छ । किनकि हाम्रा अधिकांश योजना र क्रियाकलाप तत्कालीन अनुकूलता हेरी चर्चा पाउनका लागि मात्र निर्माण गरिनाले १०/२० वर्षपछि काम नलागेर भत्काउन पर्छ । तिलौराकोट वरिपरिको बाटो र प्राचीन दरबारको पश्चिमीद्वार किनारमा बाहिर निर्माण गरिएको लुम्बिनी विकास कोषको सम्पर्क भवन भत्काउन परेजस्तै । यस्ता विषयमा समुचित ध्यान दिएर सयौं वर्षसम्म टिकोस् र भावी पुस्ताले समेत स्यावासी देओस् भनेर पहल गरिएको भए हाम्रो तर्फबाट पनि हार्दिक शुभेच्छा छ ।

पहिलो चरणमा शनिबार तिलौराकोटबाट सुरु गरी आइतबार लुम्बिनी पुगेर सकिने यो योजनानुसार हरेक तीनदेखि पाँचसय मिटरको दूरीमा सडकका दुवैतर्फ बर - पिपल, नीम, पारिजात, गुलमोहर, तुलसी र कपूर जस्ता विरुवा रोपिने भएका छन् । ती बिरुवा रोप्दा सडकको चौडाई दुवैतर्फ २५/२५ मिटर छाडेर रोपिएका भए रहलान् । नत्र, १० या २० वर्षपछि नरहलान्, नउजाडिएलान् भन्न सकिन्न । किनकि अहिले डबललेनको जुन सडक छ, त्यसलाई केही वर्षपछि चारलेनको बनाउन पर्ने छ । त्यो बेला अहिले रोपिएका विरुवा नकाटिएर राख्न सकियुन् भनेर, सोचेर गरिएक भए रहन्छन्, नत्र रहन्नन्, काटिन्छन् र फालिन्छन् । सडकका दुवैतर्फ १५/१५ मिटर मात्रै छोडेर रोपिएका भए पनि रहने सम्भावना कमै छ । अनि यस्ता विरुवा रोपेर छाड्ने मात्रै हैन, तिनलाई स्याहार-सम्भार, रेख-देख र मल-जल गर्ने कोही नभए दुईहप्तापछि हेर्न गए नामोनिसान नरहन पनि सक्छ । यतातिर कति ध्यान दिइएको छ ? नदिइएको भए दिइयोस् । हुर्काउने जिम्मा दिएर कसैलाई तोकेरै हेरालु राखियोस् ।

यो ऐतिहासिक बृक्षारोपण कार्यक्रमको आयोजना भारतको उत्तरप्रदेश, उत्तराखण्ड, हिमाञ्चल र उडिसा लगायतका प्रदेशबाट २५ जना र जनकपुरधाम वन प्राविधिक समाजबाट २५ जना गरी ५० जनाको टिमले गरेको हो । जसमा तिलौराकोट साझेदारी वन उपभोक्ता समूह, कपिलवस्तु नगरपालिका, शुद्धोधन गाउँपालिका, मायादेवी गाउँपालिका कपिलवस्तु र मायादेवी गाउँपालिका रुपन्देही सहित लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी साझेदारी वनले सहभागिता जनाएका छन् । जम्मा ३२ किलोमिटर दूरीको सडकका लागि यतिधेरै जिम्मेवार संस्थाको संलग्नताको सार्थकता त्यतिबेला पुष्टि हुने छ, जतिबेला अहिले रोपिएका विरुवाले सडकका दुवै किनारमा रुखको रुप धारण गरेर, बटुवालाई छहारी दिएर, सौदर्यीकरण गरी वातावरण समेत स्वच्छ पर्न सक्ने छन् । नत्र अभागीले भिरका छेउमा खेत बिरायो सरी, खेत पहिराले लगेपछि अभागीचाहिँ जस्ताको तस्तै भनेझैं हुने छ ।

छिमेकी देशबाट त्यतिधेरै सहभागी आएर गरेको बृक्षारोपणको कार्यक्रम राम्रो हो । सहभागिता, सक्रियता राम्रै देखेर सम्पादकीय पनि लेखियो । अब नतिजा पनि सोही अनुसारको देख्न पाइयोस् । हाम्रा जिम्मेवार निकाय गैरजिम्मेवार छैनन्, हरेक कार्यक्रममा पुगेर भाषण मात्रै गर्दैनन्, गरेका काम टिकाउ पनि बनाउँछन् भनेर समेत लेख्न पाइयोस् ।

# संविधान संशोधनमा स्थानीय तहका मुद्दाहरू




**अजय सुवेदी**

पछिल्लो सत्ता समीकरण बनेसँगै संविधान संशोधनको विषयले राजनीतिक बजार एक्कासि तात्न पुग्यो । संविधान आफैँमा गतिशील दस्तावेज हो, जो समयकाल परिस्थिति अनुसार परिवर्तन हुँदै जान्छ।

विश्वमा सबैभन्दा पुरानो (सन् १७८९ मा जारी भएको) र संक्षिप्त संविधान मानिने अमेरिकाको संविधान २७ पटक संशोधन भएको छ। सबैभन्दा लामो मानिने गणतन्त्र भारतको संविधान समेत १०६ पटक संशोधन भइसकेको छ । ती मुलुकहरूमा शासन प्रणालीमा स्थायित्व छ । नेपालमा न संविधानहरू स्थिर छन्, न त राजनीतिक संस्कारको विकास हुन सकेको देखिन्छ।

ीबह्रूष कगलचष्कभ दबलप द्दण्घद्ध

७७ वर्ष लामो संवैधानिक इतिहासमा हामीकहाँका सातौँ संविधान जारी छ । विगतका संविधान आयोग विधि र शासकको इच्छापत्रमार्फत निर्माण भएका थिए भने वर्तमान संविधान जनताका प्रतिनिधि सम्मिलित संविधानसभाबाट जारी भएको हो।

वर्तमान संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय शासन प्रणालीलाई आत्मसात गरेको छ। विगतका संविधानमा स्थानीय निकायलाई संवैधानिक मान्यता थिएन। केवल विधियिकी कानुनबाट मात्र स्थानीय निकायको प्रबन्ध गरिएको थियो। यस संविधानले पहिलोपटक स्थानीय तहलाई संवैधानिक मान्यता प्रदान गरेको छ।

संविधानमा स्थानीय तहलाई शासकीय एकाइका रूपमा स्वीकार गरिएको छ । उनीहरूले विधायिकी, कार्यकारणी र न्यायिक अधिकार समेत प्रयोग गर्न पाउने संवैधानिक व्यवस्था छ । स्थानीय तहलाई संघीय एकाइका रूपमा परिभाषित गरिएको छ। अन्तर्राष्ट्रिय मान्यता अनुसार नेपालका स्थानीय तह उपराष्ट्रिय सरकारहरूको हैसियतमा छन् ।

स्थानीय शासनको दार्शनिक अवधारणा झनै महत्त्वपूर्ण छ । स्थानीय सरकारलाई जनताले छुने र महसुस गर्ने घरदैलोका सरकार मानिन्छन् । जनताले आफ्ना समस्या, प्राथमिकता, आवश्यकताको पोको लिएर जाने स्थानीय सरकारसँग नै हो । स्थानीय तहले आफ्नो स्रोत-साधन र क्षमताले पुगेसम्म जनताका समस्या समाधान गर्नैगर्छ। आफ्नो क्षमता र स्रोतको सीमितता भएमा समस्या समाधानका लागि प्रादेशिक तथा संघीय सरकारसमक्ष पहल गर्ने अहं जिम्मेवारी समेत उसैमा निहित रहन्छ । विद्यमान अवस्थामा विकेन्द्रीकरण, स्वायत्त शासन, स्वशासन लगायत अवधारणाले गर्दा समकालीन विश्वमा स्थानीय सरकारको महत्त्व झनै बढेर गएको देखिन्छ।

जिल्लामा रहने प्रमुख जिल्ला अधिकारीको कारण प्रदेश र स्थानीय तहहरू छायामा परेको देखिन्छ । कुनै समय राजा महेन्द्र शाहले प्रशासनिक राज्य सञ्चालनको उद्देश्यले स्थापना गरेको संस्थाको औचित्य संघीय लोकतान्त्रिक गणतन्त्रको शासनकालमा पुष्टि हुन सक्दैन।

नेपालमा २०७४ सालमा भएको स्थानीय तहको चुनावपश्चात् क्रियाशील भएका स्थानीय सरकारले सात वर्षभन्दा बढी समय शासकीय अभ्यासमा बिताइसकेका छन्। शून्य बिन्दुबाट यात्रा सुरु गर्दै आजसम्म आइपुग्दा स्थानीय तहहरूले प्रदेश र संघीय सरकारको तुलनामा धेरै डेलिभरी दिन सफल समेत भएका छन् । जुन कोरोना माहामारी

**जिल्लामा रहने प्रमुख जिल्ला अधिकारीको कारण प्रदेश र स्थानीय तहहरू छायामा परेको देखिन्छ । कुनै समय राजा महेन्द्र शाहले प्रशासनिक राज्य सञ्चालनको उद्देश्यले स्थापना गरेको संस्थाको औचित्य संघीय लोकतान्त्रिक गणतन्त्रको शासनकालमा पुष्टि हुन सक्दैन ।**

समयमा परीक्षण भइसकेको छ।

हाल संविधान संशोधनका लागि भएका बहस निर्वाचन प्रणाली, राजनीतिक दलसम्बन्धी विषय, थ्रेसहोल्ड लगायतमा मात्र केन्द्रित देखिन्छन् । स्थानीय सरकारको संवैधानिक संरचनाको विषयमा कहीँ कतै बहस भएको देखिँदैन । यद्यपि संविधानको पहिलो र दोस्रो संशोधनताका मधेसवादी दलहरूले स्थानीय तहहरूलाई प्रदेश सरकार मातहत राख्ने र स्थानीय तहको संख्या गठनसम्बन्धी प्रावधान प्रदेश कानुनबमोजिम हुने माग गरेका थिए, तर उक्त माग बिचमै बिलाएर गएको थियो।

### स्थानीय व्यवस्थापिका

संविधानको धारा २२१ मा स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँसभा र नगरसभामा रहेको व्यवस्था रहेको छ।

धारा २२२ र २२३ मा स्थानीय व्यवस्थापिकाका रूपमा रहने गाउँसभा र नगरसभाको गठन विधि उल्लेख छ । गाउँसभा र नगरसभामा नगरप्रमुख वा गाउँपालिका अध्यक्ष, नगरउपपप्रमुख वा उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्यहरू, दलित वा अल्पसंख्यक रहने व्यवस्था छ।

नगरसभाका नगरप्रमुख र गाउँसभाको अध्यक्ष गाउँपालिका अध्यक्ष रहने व्यवस्था छ, जो शक्ति पृथकीकरण तथा नियन्त्रण तथा सन्तुलनको सिद्धान्तसँग मेल खाँदैन, त्यसैले सभाको अध्यक्षता उपप्रमुख वा उपाध्यक्षले गर्ने व्यवस्था गरिनुपर्छ । साथै हाल वडाध्यक्षसहित पाँचजना वडा समिति रहने प्रावधान छ, यसमा वडाध्यक्षसहित बढीमा तीन जनाको संरचना बनाउँदा स्थानीय जनप्रतिनिधिको संख्यामा ४० प्रतिशतले कटौती हुन्छ। यसबाट खर्च हुने तलबभत्ता र सुविधाबापतको रकम बचत हुन जान्छ।

संविधानको धारा २२५ मा गाउँसभा र नगरसभाको कार्यकालसम्बन्धी अस्पष्ट व्यवस्थालाई सच्याउनुपर्छ । उक्त धारामा सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुने त्यस्तो कार्यकाल समाप्त भएको ६ महिनाभित्र अर्को गाउँसभा र नगरसभाको निर्वाचन सम्पन्न हुने व्यवस्था छ, जसले स्थानीय तह जनप्रतिनिधिविहीन हुने सम्भावनालाई उजागर गरेको छ। किनकि नेपालमा निर्वाचनको मिति तोक्ने अधिकार निर्वाचन आयोगलाई नभई सरकारमा निहित छ। संविधानको उक्त सुविधा लिएर सरकारले ६ महिना चुनाव नगराइदिन सक्छ । त्यस्तो अवस्थामा स्थानीय तहको कार्यकारणी अधिकार कसले प्रयोग गर्ने भन्ने विषय उल्लेख गर्नुपर्ने देखिन्छ । यस धारालाई स्थानीय तह सरकारविहीन हुँदैन भन्ने सिद्धान्तसँग मिल्ने गरी संशोधन जरुरी छ।

स्थानीय कार्यपालिका

संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा स्थानीय कार्यपालिकालाई रहेको देखिन्छ।

संघ सरकार र प्रदेश सरकारमा यस्तो अधिकार मन्त्री परिषद्ले प्रयोग गर्छ। यसरी तुलना गरी हेर्दा स्थानीय कार्यपालिका भनेको स्थानीय मन्त्री परिषद् सरहको संस्था देखिन्छ । तसर्थ स्थानीय कार्यपालिकाको नेता प्रमुख वा अध्यक्षलाई कार्यपालिकाको सदस्य छान्ने अधिकार प्रदान गर्नुपर्छ।

हालको व्यवस्थामा कार्यपालिकाका सदस्य (जसको हैसियत स्थानीय सरकारको मन्त्री जस्तो हुन्छ), नगर उपप्रमुख वडाध्यक्ष, बालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचित भएर आउँछन् भने महिला, दलित, अल्पसंख्यकतर्फ भने सभामार्फत अप्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् । यस्तो अवस्थामा मेयर वा अध्यक्ष अल्पमतमा पर्न पनि सक्छ। अल्पमतमा पर्दा उसको नीति तथा कार्यक्रम कार्यान्वयनमा हातखुट्टा बाँधिने अवस्थाको सिर्जना हुन सक्छ। त्यसकारण कुल सभाको १० प्रतिशत नबढ्ने गरी छरितो र चुस्त स्थानीय कार्यपालिका गठन गर्ने व्यवस्था संविधानमा हुनुपर्छ । जसमा उपाध्यक्ष र उपप्रमुख स्वतः समावेश गर्ने, बाँकी सदस्यहरू आधा वडाध्यक्ष मध्येबाट र बाँकी आधा स्थानीय प्रबुद्ध र विज्ञ छान्न पाउने अधिकार प्रमुख वा अध्यक्षलाई दिइनुपर्छ । कार्यपालिका सदस्यहरू उपप्रमुखबाहेक अन्यको हकमा पदावधि नगर प्रमुखले चाहेको अवधि मात्र राख्नुपर्छ। स्थानीय तहले स्वीकृत गरेको कार्यविभाजन नियमावली र कार्य सम्पादन नियमावलीको विषयमा अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था थप गरिनुपर्छ।

स्थानीय तहको सभा नियमित सञ्चालन नहुने भएकाले अत्यावश्यक कानुन निर्माणका लागि अध्यादेश जारी गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्नुपर्छ । संविधानको धारा २२७ मा स्थानीय तहका जनप्रतिनिधिको सेवा-सुविधासम्बन्धी व्यवस्था प्रदेश कानुनबमोजिम हुने व्यवस्था हटाउनुपर्छ।

स्थानीय तहका करिब ३६ हजार जनप्रतिनिधिले राज्यकोषबाट तलब-सुविधा लिएको जनताले पचाएको देखिँदैन । स्थानीय राजनीतिलाई स्वयंसेवी बनाउने हो, तलबी बनाइयो भने राजनीतिक पनि जागिरे पेसामा परिणत हुन्छ । विश्वमा स्थानीय तहका पदाधिकारीलाई तलब-सुविधा दिने अभ्यास देखिँदैन । जनप्रतिनिधिहरूलाई तलबी सुविधा प्रदान गर्ने हो भने उसको वार्षिक बजेटमा कम्तीमा एकतिहाइ आन्तरिक आयको हिस्सा भए मात्र सुविधा लिन पाउने व्यवस्था गरिदिनुपर्छ।

### न्यायिक समिति

संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिसम्बन्धी व्यवस्थाको औचित्य अब समाप्त भइसकेको छ।

निर्वाचित दलीय प्रतिनिधिमार्फत न्याय सम्पादन गर्ने भन्ने अवधारणा हाम्रोजस्तो मुलुकमा गलत थियो । विगत सात वर्षको अभ्यास हेर्दा स्थानीय तहका न्यायिक समितिले संस्थागत धारणा ग्रहण गर्न सकेनन् । समितिको कार्य सम्पादनले नियमित अदालतका साथै अन्य अर्धन्यायिक निकायहरूको कार्य बोझमा न्यूनीकरण हुन सकेको देखिँदैन । अब संविधानको धारा २४८ ले व्यवस्था गरेको स्थानीय स्तरका न्यायिक निकायलाई जिल्ला अदालतमातहत रहने स्थानीय अदालतको अवधारणामा लैजान उचित देखिन्छ । हालको स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र त्यसरी गठन हुने अदालतले प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्छ । यसको गठनसम्बन्धी आधार मापदण्ड संघीय कानुनबमोजिम गरी न्यायाधीश तथा कर्मचारीको व्यवस्था संविधानको धारा १५६ सँग मेल खाने गरी प्रदेश कानुनबमोजिम गर्दा उपयुक्त देखिन्छ।

सामुदायिक वन व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहलाई स्पष्ट हुने गरी संविधानमा व्यवस्था गरिनुपर्छ। वनसम्बन्धी

(बाँकी 3 पेजमा >>>

# मैथिली समाजको जितिया रौनक




बुटवल ५ असोज

विभिन्न पेसा व्यवसाय गरेर बस्ने रुपन्देहीमा रहेका मैथिली समजका व्यक्तिहरले शनिबार तिलोत्तमामा सामुहिक रुपमा जीतिया पर्व मनाएका छन् । मैथिल समाज नेपाल रुपन्देहीको आयोजनामा पर्व मनाइएको हो ।

जीतिया पर्व मैथिल समाजका लागि एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो जुन विशेष गरी नेपाल र भारतका मिथिलाञ्चल क्षेत्रमा धूमधामले मनाइन्छ । जीतिया पावैन मिलन समारोह २०८१ को तिलोत्तमा नगरपालिकाका उपप्रमुख जागेश्वरी चौधरीले उद्घाटन गर्दै नेपालको मिथिला क्षेत्रमा यो पर्वले ठूलो सांस्कृतिक महत्त्व राख्ने बताईन । सम्पूर्ण समाजलाई सन्तानप्रतिको मातृस्नेह र धार्मिक आस्थाको बलियो रूपमा जोड्ने काम यो पर्वबाट गरेको उनले बताइन् ।

कार्यक्रममा मैथिल समाज नेपाल रुपन्देहीका अध्यक्ष उदय कुमार सिंहले सन्तानको दीर्घायु, सुख, समृद्धि र कल्याणको लागि यो पर्व मनाईने बताए । घरमा आमाहरु व्रत बस्ने र आफ्नो सन्तानको राम्रो स्वास्थ्य तथा जीवनको कामना गर्ने उनले बताए । पर्वबारे प्रकाश पार्दै उनले जीउतवाहन भगवान (गरुडका रूप) को पूजा गरिन्छ । गरुडले आफ्नो भक्तलाई विपत्तिबाट रक्षा गर्ने विश्वास छ, र यसै कारणले गर्दा यो पर्वलाई “जीतिया“ भनिएको उनले बताए।सामूहिक रूपमा महिलाहरू व्रत बस्ने, पूजा-अर्चना गर्ने प्रचलन रहेको छ। यसले सामाजिक एकता र आपसी मेलमिलापलाई प्रोत्साहन गर्ने विश्वास गरिन्छ।

व्रतको समापनमा महिलाहरू पूजा गरेर प्रसाद ग्रहण गर्छन्। व्रत तोड्दा परम्परागत मैथिली परिकारहरू खाइन्छ, जसले धार्मिक र सांस्कृतिक महत्त्वलाई अझ बढी प्रकट गर्छ। रुपन्देहीमा छरिएर रहेका मैथिल समुदायलाई संस्थागत गरि १८ वर्ष स्थापना गरेर भाषासंस्कृति र सामाजिक कार्य गर्दै आएको उनले बताए ।कार्यक्रममा भैरहवा मैथिल समाजका अध्यक्ष अमरकान्त झाले सबै जातजातीहरुको समाजको महत्व रहेको भन्दै जीतिया पर्वको महत्वलाई प्रकाश पारे । कार्यक्रममा भैरहवा भिम अस्पतालका मेसु डा. शकुन्तला गुप्ता, समाजका सल्लाहकार तथा बटवल नगरपालिका बार्ड न. ०३ का वार्ड सदस्य हरीनारायण मिश्राले नेपाल सबै धर्म, संस्कृतिमा धनि देश भएको भन्दै समुदायबाट उदाहरणीय काम भएको बताए ।

कार्यक्रममा नेपाल तराई विद्यार्थी ग्रुपबाट मैथिल नृत्य, गायन समेत प्रस्तुत गरिएको समाजका सचिव मनोज कुमार मण्डलले बताए । हाल रुपन्देहीमा विभिन्न पेशा ब्यवसायमा आवद्ध मैथिल समुदायका ५ सय घरपरिवार रहेका छन् ।

# कपिलवस्तुमा हतियारसहित दुई भारतीय पक्राउ



कपिलवस्तु ५ असोज

जिल्लाको कृष्णनगर नगरपालिका-८ सानो गणेशपुर चोकबाट हतियारसहित दुई जना भारतीय नागरिक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायब उपरीक्षक हरिबहादुर वलीका अनुसार चन्द्रौटाबाट कृष्णनगरतर्फ जाँदै गरेको बेला चेकजाँच गर्नेक्रममा दुई जना भारतीय नागरिकलाई हतियारसहित पक्राउ गरेको बताउनुभयो । उनीहरूको साथबाट पाँच राउण्ड गोली लोड भएको मेड इन कानपुर लेखेको रिभल्भर नाल एक र एक थान गोलीको खोका समेत फेला परेको उहाँले बताउनुभयो। पक्राउ पर्नेहरूमा भारत उत्तर प्रदेश पिपरा गौतम पिकउरा जनुबि महसोन वस्ति बस्ने ३५ वर्षीय प्रितम कुमार र देवापार, देवापार हरनखा बस्तीका २२ वर्षीय सुरज द्धिवेदी रहेको प्रहरी नायब उपरीक्षक वलीले बताउनुभयो । सुरजले कम्मरमा लुकाई छिपाई राखेको अवस्थामा सो हतियार र गोली बरामद भएको उहाँको भनाइ छ। उनीहरूको साथबाट तीन थान मोबाइल फेनरामाइन इन्जेक्सन थान-३, प्लास्टिकसहित प्याक गरिएको सिरिन्ज थान-२, एम्पुलेक्स पत्ता थान-१, नाम नखुलेको अन्य औषधीको खाली पत्ताहरू समेत बरामद भएको छ। दुवै जना लागुऔषध सेवन गरी लट्ठिएको अवस्थामा पक्राउ परेका थिए। घटनाको अनुसन्धान र दुवै जनासँग सोधपुछ भइरहेको प्रहरी नायब उपरीक्षक वलीको भनाइ छ।

## संविधान संशोधनमा स्थानीय तहका...

विषय अधिकार साझा अधिकार सूचीमा राख्दा सबै अधिकार केन्द्रले नै राखिदिने प्रवृत्तिलाई मध्यनजर गर्दै संविधान प्रस्ट हुन जरुरी छ।

मेलमिलाप सम्बन्धी ऐन, २०६८ ले व्यवस्था गरेको सामुदायिक मेलमिलाप केन्द्रहरू स्थानीय तहमा सूचीकृत गर्ने साथै त्यस्ता अदालतले उक्त सामुदायिक मेलमिलाप केन्द्रबाट मुद्दाको मिलापत्र गर्ने गरी कानुन तर्जुमा गर्ने अभ्यास गर्दा न्यायप्रणाली विकेन्द्रित हुन पुग्छ। स्थानीय अदालतको संख्या निर्धारण गर्दा प्रतिनिधिसभाको निर्वाचन क्षेत्रलाई आधार मान्ने तर एक मात्र प्रतिनिधिसभाको निर्वाचन क्षेत्र भएको जिल्लामा भने प्रदेशसभाको निर्वाचन क्षेत्रलाई आधार मानेर गठन गर्न व्यवस्था मिलाउने प्रावधान राखी वर्तमान स्थानीय न्यायिक समितिलाई खारेज गर्नुपर्छ।

**जिल्ला समन्वय समितिको खारेज**

काम, कर्तव्य र अधिकारबिनाको जिल्ला समन्वय समिति खारेज गरिनुपर्छ । प्रदेश र संघबाट अनुदान मागेर तलब-भत्ता खाने; गाडी चढ्ने; दण्ड र पुरस्कारबिनाको अनुगमन भन्दै घुमफिर गर्ने; राजनीतिक दलका कार्यकर्ता व्यवस्थापन गर्ने सेता हात्तीलाई खारेज गरिदिएमा जनतामा सकारात्मक सन्देश जान सक्छ।

एकात्मक राज्य प्रणालीमा त्यो पनि पञ्चायतकालीन संरचनाको रूपमा स्थापित जिल्ला संरचना खारेज गरिनुपर्छ । जिल्लामा रहने प्रमुख जिल्ला अधिकारीको कारण प्रदेश र स्थानीय तहहरू छायामा परेको देखिन्छ। कुनै समय राजा महेन्द्र शाहले प्रशासनिक राज्य सञ्चालनको उद्देश्यले स्थापना गरेको संस्थाको औचित्य संघीय लोकतान्त्रिक गणतन्त्रको शासनकालमा पुष्टि हुन सक्दैन।

**प्रशासनिक व्यवस्था**

संविधानको धारा २२७ मा स्थानीय सेवाको गठन प्रदेश कानुनबमोजिम हुने र धारा २८५ मा स्थानीय कानुनबमोजिम गर्ने प्रावधान छ।

यस्तो द्विविधा हटाई स्थानीय सेवाको गठन तथा सञ्चालन प्रदेश कानुनबमोजिम हुने व्यवस्था प्रस्ट पारिनुपर्छ । स्थानीय तहको अधिकार सूचीमा स्थानीय सेवा व्यवस्थापन भन्ने ठाउँमा स्थानीय निजामती सेवा नामकरण गरिनुपर्छ । प्रदेश र संघीय सेवा सञ्चालन गर्ने कर्मचारीलाई निजामती सेवा भन्ने तर स्थानीय कर्मचारीलाई नभन्ने व्यवस्था आफैंमा विभेद पूर्ण छ, यसलाई सच्चाउनुपर्छ।

**क्षेत्राधिकार सम्बन्धी विषय**

संविधानमा स्थानीय तहका २२ वटा एकल अधिकार सूची रहेको छ भने संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूची १५ वटा रहेका छन् । एकल अधिकार सूची पनि निरपेक्षभन्दा पनि सापेक्ष हिसाबका छन् । जुन अधिकारहरू संघीय र प्रादेशिक कानुन निर्माण नभई स्थानीय तहले प्रयोग गर्न सक्दैनन् । उदाहरणका लागि विद्यालय शिक्षा ऐन र निजामती सेवा ऐन संघीय सरकारले जारी नगर्दा स्थानीय तहमा एकल अधिकार सूचीभित्र रहेको आधारभूत र माध्यमिक शिक्षा र स्थानीय सेवा व्यवस्थासम्बन्धी अधिकार पूर्ण रूपमा प्रयोग नै हुन सकेन।

स्थानीय तहका अधिकार सूचीको विषयमा पनि पुनरवलोकन जरुरी छ । आधारभूत शिक्षा तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय तहका लागि भारी भएकाले स्थानीय तहलाई आधारभूत तहको शिक्षासम्बन्धी जिम्मेवारीमा सीमित राखिनुपर्छ । गत वर्ष भएको शिक्षक आन्दोलनको खास माग यही नै रहेको थियो।

त्यस्तै, अनुसूची ८ को क्रम संख्या ६ मा ‘स्थानीय तथ्याङ्क संकलन’ र क्रम संख्या १३ मा स्थानीय अभिलेख व्यवस्थापनको व्यवस्था छ। दुईवटा अधिकार सूचीको आशय एउटै भएकाले फरक-फरक सूचीमा राख्न जरुरी छैन । स्थानीय अदालत मध्यस्थतासम्बन्धी व्यवस्था स्थानीय तहको अधिकार सूचीबाट हटाउनुपर्छ।

विशेष गरी वन सम्बन्धी कानुन बनाउँदा संघले प्रदेश सरकारको अधिकार क्षेत्रलाई मिचेर कानुन निर्माण गरेझैं प्रदेश सरकारले वन ऐन जारी गर्दा स्थानीय तहलाई शून्य बराबर अधिकार राखी वन ऐन तर्जुमा गरेको देखिन्छ। पालिकापिच्छे प्रदेश सरकारहरूले वन कार्यालय खडा गरेका छन्, जुन संघीयता विरुद्धको कदम हो। सामुदायिक वन व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहलाई स्पष्ट हुने गरी संविधानमा व्यवस्था गरिनुपर्छ । वनसम्बन्धी विषय अधिकार साझा अधिकार सूचीमा राख्दा सबै अधिकार केन्द्रले नै राखिदिने प्रवृत्तिलाई मध्यनजर गर्दै संविधान प्रस्ट हुन जरुरी छ।

जलस्रोत ऐन, २०४९ हालसम्म संघीयता अनुकूल परिमार्जन नहुँदा स्थानीय तहमा जलस्रोतसम्बन्धी अधिकार उपयोग हुन पाएन । त्यस्तै खानेपानी, जलविद्युत, वातावरण संरक्षण लगायत साझा अधिकार सूचीका विषयमा संघीय कानुन नबन्ने र बने पनि सबै अधिकार संघले नै राखेर केन्द्रीकृत संघीयताको अवधारणामा जाने संघीय सरकारको मनोमानीलाई रोक्न संविधानमा बाध्यात्मक प्रावधान राखिनुपर्छ।

साझा अधिकार सूचीको विषयमा संघीय सरकारले कानुन निर्माण गर्दा सन्निकटताको सिद्धान्त र परिपुरणताको सिद्धान्तलाई आत्मसात् गर्ने व्यवस्थालाई इमानदारिताका साथ पालना गर्न संघीय सरकार चुकिरहेको छ। यस विषयलाई समेत संवैधानिक रूपमा बाध्यात्मक बनाउन जरुरी देखिन्छ।

संविधानको एकल अधिकार सूचीमा रहेको घरजग्गा धनी पुर्जा वितरणको काम आजसम्म संघीय सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्न चाहेको छैन । अब संविधानमै समयसीमा तोकेर संघीय सरकारलाई अधिकार हस्तान्तरणका लागि बाधात्मक प्रावधान राख्न जरुरी छ।विगतमा एकात्मक राज्य प्रणालीमा बनेका सडक ऐन, खानी तथा खनिज पद्धार्थ सम्बन्धी ऐन, सार्वजनिक प्रसारणसम्बन्धी ऐनहरू संविधान अनुकूल बनाउन संघीय सरकारमा अरुचि देखिन्छ। उक्त ऐनहरूले स्थानीय तहको क्षेत्राधिकार चिन्न सकेका छैनन्। अब त्यस्ता कानुन स्वतः खारेज भएको घोषणा गरिनुपर्छ, ताकि संघीयता अनुकूलका कानुन निर्माण गर्न संघीय सरकार बाध्य होस् । *(लेखक सुवेदी भिमाद नगरपालिकाका सातौं तहका अधिकृत हुन् ।)* -रातोपाटी


## जनहितमा जारी सन्देश

-सडकको छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं
- घर जग्गा कर समयमा नै तिर्ने गरौं
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं
- बालश्रमको प्रयोग नगरौं नगराऔं
- जेष्ठ नागरिकको सम्मान गरौं
-आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय रुख बिरुवा रोपौं
- महिला हिंसा अन्त्यका लागि आआफ्नो ठाँउबाट काम गरौं
-भूकम्प प्रतिरोधी घर निर्माण गरौं

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु



## सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

(वातावरण नियमावली २०७७ को नियम ७ को उपनियम (३) सँग सम्बन्धित )
वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनीक सूचना

प्रकाशित मिति:२०८१/०६/०६

लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला सन्धिखर्क नगरपालिका बाँगी खोला मथुरा संगम ,जरे,मथुरासंगम छत्रदेव साइट समेत बाट ढुंगा गिट्टी वालुवा ग्राभेल उत्खनन् , संकलन तथा बिक्री वितरण गर्न सन्धिखर्क नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालय सन्धिखर्क अर्घाखाँची फोनं०७७(४२०११२,४२०६६२ Email sandhikharkamunicipality@gmail.com URL:http// www. sandhikharkamun.gov.np |
| प्रस्तावको व्यहोरा | सन्धिखर्क नगरपालिकाको बाँगी खोला मथुरा संगम जरे , मथुरा छत्रदेव साइट समेतबाट नदीजन्य पदार्थ उत्खनन् तथा सकंलन गर्ने र नगरक्षेत्र भित्र हुने निर्माण सम्बन्धी कार्यमा आवश्यक सहजीकरण गर्नु र नगरपालिकाको आन्तरीक आम्दानी समेत वृद्धि गर्नु यसको विशेषता रहेको छ । |
| प्रभाव पर्न सक्ने जिल्ला /न.पा /गाउँपालिका | सन्धिखर्क नगरपालिका, छत्रदेव गाउँपालिका र पाणिनी गाउँपालिका केही स्थान समेत रहेका छन् । |

माथि उल्लितिखत प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली , जैविक प्रणाली सामाजिक प्रणाली , साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको सन्धिखर्क नगरपालिका क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनीक सूचना प्रकाशन मितिले ७(सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध छ गरिन्छ ।राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सन्धिखर्क नगरपालिका सन्धिखर्क नगरकार्य नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क अर्घाखाँची ।(०७७ ४२०११२,४२०६६२) Email sandhikharkamunicipality@gmail.com URL:http// www. sandhikharkamun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना आर इ.इ.एस कन्सल्टेन्सी नेपाल प्रा.लि नयाँ बानेश्वर काठमाडौं । | Tel: +977-1-4601696, 9851058322 E-mail: reesconsultancy@gmail.com |

प्रमुख प्रशासकीय अधिकृत



## जनहितमा जारी सन्देश

-जन्म मृत्यु बिबाह बसाईसराई समबन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटनाहरु समयमै दर्ता गराऔ
-गाँउघर बस्टीटोल सफा राखौ ,
- सडकमा छाडा चौपया नछोडौ ,
-घर नक्सा पास गरेर मात्र निर्माण गराऔ ,
-राष्ट्रिय परिचय पत्र अनिवार्य बनाऔ

अनुरोधक
मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही

क.जि.प्र.का.द.नं. २०/०७१/०७२
जि.हु.का.द.नं. ९/०७९/८०
22 September 2024 Sunday ६ असोज २०८१ आइतबार
बुद्ध दर्पण

# तिलौराकोट देखि लुम्बिनीसम्म बोधीबृक्ष कारिडोर पदयात्रा

कपिलवस्तु ५ असोज

बिश्व शान्ति दिवसको अवसरमा प्राचिन कपिलवस्तुको क्रिडास्थल तिलौराकोटदेखि भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनीसम्म बोधीवृक्ष करिडोर पदयात्रा सुरु गरिएको छ । बुद्धस्थल भारतको बोधगया तथा नेपाल स्थित तिलौराकोट र लुम्बिनीलाई जाडेर आत्यात्मिक, धार्मिक र मानव स्वास्थ्यका लागि बहु उपयोगी पीपल नीम र तुलसीको बिरुवा रोप्दै यात्रा सुभारम्भ गरिएको हो।



तिलौराकोटबाट यात्रा सुभारम्भ गरी लुम्बिनी सम्म २८ किलोमिटरको पदयात्रा हुने आयोजक पीपल नीम र तुलसी अभियान भारतको पटना तथा जनकपुरधाम प्राबिधक समाजले जनाएको छ । दुई दिनमा २८ किलोमिटर यात्रा गर्दै लुम्बिनी पुगेर पदयात्रा सकिनेछ। पदयात्राका क्रममा बाटोमा पर्ने विद्यालय, स्वास्थ्य संस्था, सामाजिक संस्था र कार्यालय परिसर र हातामा पीपल, नीम र तुलसीका विरुवा रोप्दै पदयात्रा अघि बढ्ने समाजका अध्यक्ष राकेश कर्णले बताए। पहिलो दिन कपिलवस्तुको पकडीमा बास बस्ने कार्यक्रम रहेको छ।

पीपल, नीम तुलसी अभियान पटना भारतका डा. धमेन्द्र कुमारको नेतृत्वमा रहेको पदयात्रामा भारतका बिहार, उत्तरप्रदेश, उत्तराखण्ड, हरियाणा, उडिसा र हिमाचल प्रदेशका १५ जना सहभागी छन् । पीपलको बिरुवा कपिलवस्तु संग्रहालयको हाता भित्र रोप्दै कपिलवस्तुका प्रजिअ विश्वप्रकाश अर्यालले यात्राको शुभारम्भ गरेका थिए। यात्राको बिषयमा तिलौराकोटमा आयोजित कार्यक्रममा प्रदेश सदस्य सुधाकर पाण्डेयले यो यात्रा धार्मिक र वातावरणीय हिसाबले समेत महत्वपुर्ण रहेको बताए। उनले भारतको बोधगया र नेपालको तिलौराकोटर लुम्बिनीलाइै एक आपसमा जोडन र वातावरणलाईए शान्तमय बनाउन यात्रा पदयात्रा चलाइएको डा. धमेन्द्र कुमारले बताए। कार्यक्रममा लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्ले , समाजका महासचिव सुरेश शर्मा लगायतले पदयात्रामा सरिक हुन आग्रह गरेका थिए। पदयात्रामा तिलौराकोट साझेदारी वन डिभिजन वन कार्यालय कपिलवस्तु लगायतको सरकारी कार्यालय समेत जोडिएका छन।

# कपिलवस्तु क्रिकेट संघको साधारण सभा

कपिलवस्तु ५ असोज

कपिलवस्तु क्रिकेट संघको साधारण सभा तौलिहवामा संपन्न गरिएको छ।

सभाको ब्यानर पढेर उदघाटन गर्दै संघका लुम्बिनी प्रदेश अध्यक्ष संजय गुरुङले नेपालमा क्रिकेटको क्रेज निरन्तर बढदै गएको बताए।

३० बर्ष पछि कपिलवस्तुको कुनै औपचारिक कार्यक्रममा सरकि हुन पाउदा आफुलाई निकै खुशी लागेको भन्दै कपिलवस्तुको क्रिकेटको विकासकालागि आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरे। उनले क्रिकेटको विकासकालागि सबैले हातेमालो गर्नु पर्ने बताए।

संघका सल्लाहकार दिनेश हमालले क्रिकेटकालागि जिल्लाका पालिका र प्रदेशले खासै सहयोग नगरेकोले क्रिकेटको आशा गरे अनुसार विकास हुन नसकेको बताए। उनले सबै पालिका र प्रदेशले क्रिकेटकालागि सहयोग गर्न आग्रह गरे।

सो अवसरमा संघका जिल्ला कोषाध्यक्ष पदमराज श्रेष्ठले संघको प्रगति र आर्थिक प्रतिबेदन पेश गरेका थिए।

कार्यक्रममा संघका जिल्ला अध्यक्ष प्रकाश गैरले आफुहरुले बिगत लामो समय देखि खेलाडीहरुलाई अवसर प्रदान गरेको बताए। उनले कपिलवस्तुले क्रिकेटमा राम्रो नाम कमाएकाले यसको विकासकालागि आफु लागी पर्ने बताए। केही महिना मै संघले क्रिकेट प्रतियोगीता राख्ने तयारी अघि बढाएको बताए।

संघका जिल्ला अध्यक्ष गैरेको अध्यक्षता, खग प्रसाद चापागाईको संचालन माया ज्ञवालीको स्वागतमा भएको कार्यक्रममा जिल्ला खेलकुद बिकास समतिका अध्यक्ष राजेश उपाध्याय पत्रकार महासंघका जिल्ला अध्यक्ष किरणमान बज्राचार्य लगायतले शुभकामना मन्तब्य दिएका थिए।

# एक बर्षमा ८५ हजार बढीले लिए गुणस्तरीय सेवा



गुल्मी ५ असोज

तम्घासस्थित गुल्मी अस्पतालबाट एक वर्षमा ८५ हजार ६८० नागरिकले स्वास्थ्य उपचार सेवा लिएका छन्। अस्पतालको वार्षिक समीक्षामा ८५ हजार ६८० नागरिकले उपचार पाएको निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) डा. विभव बस्यालले जानकारी दिनुभयो।

७४ हजार ८७९ ले ओपिडी र १० हजार ८०१ जनाले आकस्मिक सेवा लिनुभएको हो। जसमा एक हजार ८६७ जना नागरिकले बेड भर्ना भएर सेवा लिनुभएको छ। सामाजिक अन्तर्गत ८८४ जना र ज्येष्ठ नागरिक अन्तर्गत ५७६ जना नागरिकले सेवा लिनुभएको छ।

एक वर्षमा दैनिक ६१९ ले प्रयोगशाला परीक्षण, २४ भिडियो एक्स-रे, १५ इसिजी र ५९ जनाले एक्स-रे सेवा लिनुभयो। अस्पतालमा हाडजोर्नी विशेषज्ञ आएदेखि दुई हजार १३८ जनाको जटिल र मध्यम प्रकृतिका हाडजोर्नी तथा प्रसूति लगायतका शल्यक्रिया गरिएको छ। स्वास्थ्य बिमामार्फत सेवा नागरिकले लिँदा आठ करोड ८७ लाख रुपियाँ सरकारले दायित्व लिएको छ। गत वर्षदेखि अत्याधुनिक डिजिटल एक्स-रे मेसिनबाट गुणस्तरीय सेवा दिँदै आएको अस्पतालमा जटिल मानिने मुटुको एक्स-रे समेत हुँदै आएको नसर्ने रोगको उपचार तथा व्यवस्थापनका लागि छुट्टै ओपिडी क्लिनिक सेवा सुरु गरेको जनस्वास्थ्य निरीक्षक बोम अर्यालले बताउनुभयो।

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरे शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संघद्धारा प्रहरी निरिक्षक जि.सी.लाई स्वागत

दिपिका सुनार
कपिलवस्तु ५ असोज

कपिलवस्तु उद्योग बाणिज्य संघले ईलाका प्रहरी कार्यालय पिपरामा सरुवा भई आउनुभएका प्रहरी निरिक्षक लोकेन्द्र जि.सी.लाई स्वागत गरेको छ।

शनिबार संघकै कार्यालय चारनम्बर जितपुरमा एक कार्यक्रम आयोजना गरि जिसीलाई स्वागत गरिएको हो । प्रहरी निरिक्षक गोपाल रायमाझी केही दिन अघि मात्र बुटवल सरुवा भएपछि ईलाका प्रहरी कार्यालय पिपराको प्रमुखका रुपमा जिसी आउनुभएको हो। प्रहरी निरिक्षक जिसीले समाजमा शान्ति सुरक्षा कायम गर्दै यस क्षेत्रमा व्यापक रुपमा रहेको लागु औषध दुर्व्यशनीको कारोबारलाई नियन्त्रण गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित हुने बताउनुभएको छ । उहाँले लागुऔषध दुर्व्यशनीको कारोबारलाई समयमै नियन्त्रण गर्न नसकिए भविष्यमा जटिल समस्या सिर्जना हुने बताउनुभयो।

लागु औषधमा संलग्न व्यक्तिहरुलाई नियन्त्रण गर्ने भन्दा त्यो अवस्थामा पुग्नै नदिनेतर्फ आफुले ध्यान दिने उहाँको भनाई छ ।

कपिलवस्तु उद्योग व्यपार संघका अध्यक्ष खिमानन्द पौडेल 'कोपिल' ले आफुहरु निरन्तर व्यवसायीहरुको हक हितमा काम गर्दै आएको बताउँदै सामाजिक क्षेत्रका कामलाई समेत निरन्तरता दिईरहेको बताउनुभयो। आम नागरिकले समाजमा शान्ति सुरक्षाको अनुभूति गर्न पाउनुपर्ने उहाँको भनाई छ। संघका निवर्तमान अध्यक्ष हुमनाथ पौडेल, संरक्षक टोपनारायण बेल्वासे, सल्लाहकार दिपक पन्थी, प्रदेश कमिटि सदस्य गिरीराज पौडेल लगायतले आआफ्नो भनाई राख्नुभएको थियो।

संघका अध्यक्ष खिमानन्द पौडेल 'कोपिल' को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संचालन संघका महासचिव बासुदेव खनालले गर्नुभएको थियो।

## PAN नलिई कारोवार गरेमा कस्तो कानूनी सजाय हुन्छ ?

PAN नलिई कारोवार गर्दा आयकर ऐनको अनिवार्य व्यवस्था नमाने वापत ऐनको दफा ११९ क अनुसार रु.५ हजार देखि २५ हजारसम्म शुल्क लाग्दछ ।

साथै आयात निर्यात गर्दा वा बैकिंग कारोवार गर्दा वा सरकारी/सार्वजनिक निकायसँग सरोकार पर्ने कार्य गर्न पाईदैन ।

आन्तरिक राजस्व कार्यालय कृष्णनगर
कृष्णनगर, कपिलवस्तु

## सार्वजनिक सूचना

- सडक तथा पुल हाम्रो साझा सम्पती हो ,त्यसैले सडक तथा पुलको संरक्षण गरौं ।
- सडक अतिक्रमण गर्ने काम अपराध हो । सडकमा पानी ल्याउने निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्य गरेको पाइएमा सडक ऐन अनुसार कारवाही हुने सबैमा जानकारीको लागि अनुरोध छ ।
- पुलहरुमा जथाभावी दिसा,पिसाव र फोहर नफालौं । यसले पुलको आयु घटाउछ ।
- पुलको तलमाथि खोलाबाट वालुवा,गिट्टी,ढुङ्ग,माटो आदि झिक्दा पुल भत्कन सक्छ । पुलको ५०० मिटर तलमाथि नदिजन्य पदार्थ नझिकौं ।
- पुलमाथि सकभर सिमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।

अनुरोधक
डिभिजन सडक कार्यालय
शिवपुर कपिलवस्तु

कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेलबासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही